हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY

मो. ९८०५९६१००६
जे.डी.
स्टेशनरी एण्ड स्पोर्टस सेन्टर
लहान-६

यहाँ पुस्तक, स्टेशनरी, स्पोर्टका समानहरू अर्डर अनुसार पाईन्छ ।

वर्ष : ०१ अंक : १६९ पृष्ठ : ४ २०७७ माघ ०७ गते बुधबार (Wednesday 20 January 2021) www.lahanpost.com मूल्य रु. ५।-
FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

## चुरे दोहनको चपेटामा स्थानीय

■ रेनु पराजुली



गएको वर्षामा चुरे बन क्षेत्रमा पर्ने उदयपुरको कटारी नगरपालिका-१ खसिबासका कृषक रूद्र बहादुर राईको गोठबाटै खहरेको बाढीले एउटा बाख्रा बगायो । 'हलगोरू चहिं जोगाएँ, झण्डै आफैलाई बगायो ।' चुरे क्षेत्र उजाड भएपछि आसपासका खहरेहरूले ठूलो क्षति पुर्याउन थालेका छन् । बन मासिएपछि खहरले स्वरूप परिवर्तन गर्दा धेरै किसानहरूको खेतबारीमा कटान गरिरहेको छ । उनी जस्तै सैंकडो किसानले यस्तो पीडा भोगेका छन् ।

चुरे पहाडको उत्तरी क्षेत्रमा पर्ने उदयपुर जिल्लाको कटारी नगरपालिका, उदयपुरगढी गाउँपालिकाका क्षेत्रमा चुरे दोहनले पानी समेत पाउन छाडिएको छ । 'पहिले पहिले टन्न हुन्थ्यो । पानी मात्रै होईन, माछा समेत मार्ने खोलामा अहिले मुख धुने पानी समेत छैन्,' कटारी नगरपालिका-३ च्याँगाका लबकुश माझी भन्छन्, 'चुरे बन भित्रैका पानीका कुवाहरू, खोलाहरू सुकिसकेका छन् ।'

कटारीकै ५ नम्बर वडाको भोर्ले गाउँका २ सय बढी घरपरिवार चुरे फेदीको बस्तीमा वस्दै आएका छन् । एकदशकअघि सम्म पानीको समस्या नभोगेका उनीहरू अहिले भने पानीको हाहाकारमा छन् । चुरे दोहनका कारण चुरेको उत्तरी क्षेत्रभन्दा पनि ठूलो असर दक्षिणी क्षेत्रको तराई भेगमा परिरहेको छ । चुरे दोहनले त्रियुगा नदी आसपासको क्षेत्रमा खेती योग्य जमिन बिनास हुँदै गएको छ । चुरे पहाडमा मुहान भएका बलान, खाँडो, महुलीलगायतका नदीले सिरहा र सप्तरीको हजारौं हेक्टर खेतीयोग्य जमिन वगरमा परिणत गरेको छ । चुरेमा जंगल फडानी र खोलाबाट अनियन्त्रित रूपमा ढुंगा, बालुवा तथा गिटी उत्खनन एवं संकलन गर्दा त्यसको असर परेको हो । चुरेबाट निकालिएको निर्माण सामग्री भारतीय बजारमा बिक्री हुने गरेको छ । चुरे वन विनासले जमिनमुनिको पानीको सतह कम हुदै गएकोले चुरेको फेदमा रहेको सिरहाको बडहाडामालदेखि सप्तरीको फत्तेपुरसम्मको हजारौं भन्दा बढी इनार, ट्युवेल सुकेको छ भने राजमार्ग दक्षिणको गाउँहरूका पनि दर्जनौं ट्युवेल, बोरिङ् र इनार सुक्न थालेको स्थानीयबासीको भनाइ छ । यस्तै स्थिति रहने हो भने आगामी एक दशक भित्र चुरे पर्वतको विनास, तराईको उर्वर

बाँकी २ पेजमा

## औरहीमा पाँच शैयाको अस्थायी अस्पताल सञ्चालन

■ धर्मेन्द्र पासवान

लहान । सिरहाको दक्षिणी सीमावर्ती औरही गाउँपालिकामा पाँच शैयाको कोविड-१९अस्थायी



अस्पतालको उदघाटन गरिएको छ । प्राथमिक स्वास्थ्य केन्द्रको पुरानो भवनमा कोविडको विरामीको लागि छुट्टै भवन उपलब्ध गराएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले देशभरिका सबै स्थानीय तह सहित सिरहाका १७ वटै स्थानीय तहलाई कोविड-१९ कोरोना भाइरस न्यूनीकरणको लागि तत्काल ५ वेडको अस्पताल तयारी अवस्थामा राख्न दिएको निर्देशन बमोजिम यो अस्पताल खोलिएको हो ।

मन्त्रालयले प्रत्येक अस्पतालमा शैया व्यवस्थापन र तीन महिनाको लागि करारमा प्राविधिक कर्मचारी भर्ना गर्न १० लाख रकम पनि उपलब्ध गराएको छ । जसमा एक जना मेडिकल अधिकृत (एमबीबीएस), दुई जना स्टाफ नर्स र एक जना कार्यालय सहयोगी रहेको

बाँकी ३ पेजमा

बगैंचा सहितको जग्गा बिक्रीमा
लहान नगरपालिका वडा नम्बर २४ को रोडसँग जोडिएको जम्मा जग्गा २ बिघा २ कठ्ठामा भएको १३५ वटा आँपको रुख, १५ वटा कटहरको रुख, ७ फिट मोटाई भएको टिक, गम्हारीको ३५ वटा रुखसहित जग्गा बिक्रीमा छ ।
सम्पर्क नम्बर : ०३३-५६०२१९
मोबाइल नम्बर : ९८४२८२७२४७, ९८४२८२४९७०




सूचना ! सूचना !! सूचना !!!
MASSEY FERGUSON
मेसिफर्गुसन ट्र्याक्टरको खरिदमा
रु. १५,000।- देखि रु.३0,000।- सम्मको बम्पर छुट !

MF 7250 DI
यस छुटको समय अवधी २०७७ माघ ३0 गते सम्म भएको हुनाले कृपया सो मौकामा चौका पार्नुहोस् । र. साथै यस छुट अवधिमा लिने ग्राहक वर्गमा विशेष गिफ्टको व्यवस्था गरिएको छ ।
गिफ्ट किसिम :-
a) Led TV-24"
b) Fridge - 170 Ltr.
c) Leveller

हाम्रो यस फर्म रत्ना ओटो लहान-१, सिरहामा ट्र्याक्टर बिक्रीको लागी केही कर्मचारीको आवश्यकता भएको हुनाले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
सम्पर्क स्थान :- रत्ना ओटो
पडरिया-१, लहान सिरहा
फोन नं. :- ०३३-५६२१३५
मोवाईल :- ९८०११५१४३८



फ्रेन्डस मोडेल हसिपटल, लहान-४
(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)
हाम्रो सेवाहरू
NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा
डाक्टरहरू
बालरोग विशेषज्ञ डा. बृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

## चुरे ...

भूमि वालुवाको डंगुरमा परिणत हुने तथा तराईमा पानीको हाहाकार हुने निश्चित छ ।

चुरे क्षेत्रमा भएको वन फडानीको असर स्थानीयले भागिरहेका छन् । चुरेको विनास हुँदा प्रकृति र वातावरणसहित मानव जीवनमा गम्भिर असर पुगेको छ । प्रकृतिको दोहन बढ्दा मानव तथा वन्यजन्तुको जीवन संकटमा परेको छ । स्थानीयले जलवायु परिवर्तनको असरको अनुभव गरेका छन् ।

नदी किनार कटानले गर्दा खेतीयोग्य जमिन वगरमा परिणत भएको छ । भिरालो चुरे पहाडमा तिव्र गतिमा ढुंगा, गेग्रान लिएर आउँदा भावर तथा तराई क्षेको खेतीयोग्य भूमि कटान भएको हो । धनुषामा बग्ने जलाद नदीले प्रति वर्ष ७ देखि १८ मिटर, महोत्तरी तथा धनुषाको रातु नदीले प्रति वर्ष १० मिटर, बाराको पसाहा नदीले प्रति वर्ष २० देखि ३० मिटर भूमिको कटान गर्दै खोला बहने क्षेत्रफल चौडा गर्दै गएको अध्ययनमा देखिएको राष्ट्रपति चुरे-तराई मधेस संरक्षण विकास समितिले जनाएको छ ।

बर्सेनि सयौं हेक्टर जमिनमा क्षती पुगेको छ । बर्सेनि जलाद नदीले धनुषामा प्रति वर्ष २५ हेक्टर, चादी नदीले रौतहटमा २७ हेक्टर, पसाहा नदीले बारामा २० हेक्टर, बलान नदीले सिरहामा प्रति वर्ष २० हेक्टरका दरले जमिन बगरमा परिणत गरेको छ । यसरी बर्सेनि खेतीयोग्य सयौं हेक्टर जमिन बगर भएको छ ।

सप्तरीको दिघवा गाउँको अस्तित्व नै संकटमा परेको छ । बलान नदी कटानका कारण उक्त गाउँको नामेट हुने अवस्थामा पुगेको छ । नदीले बहाब परिवर्तनका कारण त्यहाँको उत्पादमूलक जमिन मासिएको हो । खाद्य बाली लगाउने जमिन मरूभूमी भएको स्थानीय बताउँछन् । २०४६ ताका बलान अचानक गाउँतर्फ सोभिएर बस्तीमा पसे पछि निरन्तर कटान भएको स्थानीय राजन यादवले बताए ।

विगतमा बलान खोलाको पानीले दिघवा, चनही, मलहनियाका खेतीयोग्य जमिनमा सिँचाई हुने गरेकोमा बलान र नदीको बहाब परिवर्तन भएपछि जमिन बाँझै छ । करिब २० फिटमा बग्ने नदी अहिले धेरै चाक्लो भएको छ । सप्तरीको बाहुना गाउँमा ढुंगाको उत्खनन भएपछि बलान गाउँ बस्तीमा पसेको थियो । चुरेबाट बगेर आएका ढुंगा, माटो, गिट्टी थुप्रिए पछि खेतीयोज्य जमिन, वस्ती समस्यामा परेका छन् ।

चुरेको क्षयीकरणले तराईको उर्वर खेतियोग्य भूमीलाई बालुवाले पुर्न थालेको छ । सिरहा र सप्तरीको एक हजार बिघा भन्दा बढी जमिन बालुवाले पुरेको भूसंरक्षण कार्यालय सिरहा र सप्तरीले जनाएको छ । सामुदायिक वन उपभोक्ता महासंघ सिरहाका पुर्व अध्यक्ष रामस्वरूप महतोका अनुसार विगतमा हरियाली चुरे अहिले खण्डहर बन्दै गएको छ । 'सरकारको नियंत्रणमा रहेको चुरे क्षेत्रको वनमा सग्लो रूख एउटा पनि वाकी छैन्,' महतोले भने, 'चुरेको अस्तित्व नै संकटमा पर्दै गएको छ । खेतीयोग्य जनिममात्र नभएर पर्यावरणमा पनि असर परेको छ । वनजन्तुलाई पनि पानी खान नपाएर बसाईसराई र लोप हुने अवस्था आउन सक्छ ।'

### मुहान सुक्दा पिउने पानीको समस्या

चुरे र समथल भूभागको रिचार्ज नहुँदा तराईमा मुहान सुक्दै गएका छन् । तराईका विभिन्न जिल्लामा पिउने पानीको पनि समस्या देखिएको छ । वनजंगल भए पानी जमिनमुनी गई भूमिगत जललाई रिचार्ज हुन्छ । वन विनास भए पछि आकासबाट परेको पानी जमिन मुनी जाँदैन । पानी बाहिर बग्दा भूक्षय हुन्छ । वन विनास हुँदा जमिन रिचार्ज नभई त्यसले भूक्षय निम्त्याएको हो । तराईमा भूमिगत पानीको सतह घट्दै गएको छ । तराईको समथर ठाउँमा चापाकलबाट पानी तान्न धेरै खन्नुपर्ने अवस्था आएको स्थानीय बताउँछन् ।

साविक धनुषा दिगम्बरपुर र भुइचक्रपुर गाउँपालिका, सिरहाको विष्णुपुरकट्टीलगायत स्थानका इनार र हाते पाइपको पानी सुक्दा स्थानीय समस्यामा परेका छन् ।

'चुरे क्षेत्रका खोला उत्खननले खोला बस्तीतर्फ मोडिएर खेतबारी निलिसक्यो,' गोलबजार नगरपालिका-१० चन्द्रोदयपुरका शुक्रबहादुर खुलाल मगरले घर अगाडिको खोला देखाउँदै भने, 'ऊ परसम्म मेरो खेत थियो, खोलाले निलिसक्यो । कतिखेर घर निल्ने हो, ठेगान छैन ।' घुर्मी खोला बस्तीतर्फ हान्निँदा चन्द्रोदयपुर टोलका ७० घरधुरी जोखिममा छन् । यो बस्तीमा

———बाँकी ३ पेजमा

# कस्तो होला अब नेपाली राजनीतिको यात्रा ?



**रवीन्द्र भट्टराई**

**दा**उपेचको राजनीति मूलढोकाबाट निस्किएर बाटैबाटो हिँड्दैन । नेपालमा राजनीति गर्नेहरु झ्याल र जस्केलाबाट फुत्त बाहिर निक्लँदै चमत्कारी व्यक्तिमा दरिन हरदम आतुर हुन्छन् ।

२०३६ सालयताका मुख्य राजनीतिक घटनाले दिने सीधा सन्देश यही देखिन्छ । २०३६ सालमा सूर्यबहादुर थापाले पञ्चायत बचाउँदा होस् वा २०४६ सालको परिवर्तनपछि गिरिजाप्रसाद कोइरालाले पटकपटक सत्ता हासिल गर्दा होस् यही नीति अपनाए ।

२०५१ सालमा मनमोहन अधिकारीले नेतृत्व गर्दाको सरकारका गृहमन्त्री केपी ओली पनि त्यही रणनीतिसाथ अगाडि बढेर अहिले उत्कर्षमा पुगेको देखियो । बीचमा शेरबहादुर देउवाको पनि त्यस्तै चाला थियो ।

तत्कालीन विद्रोहबाट उदाएका पुष्पकमल दाहाल र बाबुराम भट्टराईका दाउपेची राजनीति झन् घामजत्तिकै छर्लंग छ । भट्टराईले खिलराजलाई सत्ता जिम्मा लगाएको वा दाहालले ओलीलाई उचाल्दै-पछार्दै गरेका दृश्य स्पष्ट छ ।

संघीयता र गणतन्त्रको आलाप जति नै गाए पनि नेतृत्वले आफूलाई सधैं राजाजस्तै कानुनभन्दा माथि ठानिरह्यो । नेपालको राजनीति चलायमान देखिए पनि गतिशील र परिवर्तनशील हुन सकेन ।

नयाँ संविधानअन्तर्गत भएको पहिलो निर्वाचनको पहिलो तीन वर्षभित्रै फेरि संविधान, राज्यप्रणालीको स्वरूप र पद्धतिबारे विवाद चर्किन थालेको छ ।

शेरबहादुर देउवाबाट वर्तमान संविधानअन्तर्गत निर्वाचनपछि ओलीलाई सत्ता हस्तान्तरण गर्दा, प्रतिनिधिसभा निर्वाचनमा हारेका पात्र राष्ट्रियसभामा ल्याइँदा र प्रधानमन्त्री ओलीले प्रतिनिधिसभा विघटनको सिफारिस गर्दा संविधानसभाले बनाएको संविधान राजनीतिक प्रणाली सञ्चालनका मानक स्थापना गर्नमा कमजोर रहेछ भन्ने संकेत मिलेको छ ।

आठ-आठ वर्ष ६०१ जना राज्यस्रोतबाट पालितपोषित रहेर बनाइएको संविधानको अन्तरवस्तु यस्तो धोकापूर्ण रूपले प्रयोग हुने खालको होला भनेर कुनै पनि राजनीतिविज्ञ, समाजविज्ञ र विधिविज्ञले आँकलन गरेका थिएनन् ।

कुनै पनि शासन प्रणाली आफैंमा दोषी हुँदैन, प्रणाली मृतप्रायः संरचना नै हो त्यसलाई प्राकृतिक व्यक्ति वा पात्रले कसरी लिन्छ, चलाउँछ र आफूअनुकूल ढाल्छ भन्ने महत्वपूर्ण हुन्छ ।

देउवाले सत्ता हस्तान्तरण गर्न ढिलाइ नगरेको भए, नारायणकाजी श्रेष्ठ र वामदेव गौतमलाई राष्ट्रियसभाको सदस्य नभए म जिउँदो ठहर्दिनँ भन्ने नलागेको भए र मभन्दा उत्तम र क्षमतावान् अर्को व्यक्तित्व नेपाली राजनीतिमा हुर्केकै छैन भन्ने ओलीलाई नलागिदिएको भए संविधानको यति छिटै चीरहरण हुँदैन थियो ।

संविधानका कमजोरी अंशअंशमा हेर्न व्यवस्थापिकादेखि न्यायपालिकासम्मका संयन्त्रगत पात्रका थप खेल अझै देखिन बाँकी छ। तथापि विभिन्न पक्ष, स्वार्थसमूह र कतिपय स्वतन्त्र नागरिककै अभिव्यक्तिमा पनि अहिले राज्यप्रणालीप्रति प्रश्न उठेको छ र अब मुलुकको राजनीतिक यात्रा कसरी अगाडि बढ्छरबढ्नुपर्छ भन्ने बारेमा भिन्दाभिन्दै सोच अगाडि आएका छन् ।

### चर्चाका राजनीतिक एजेन्डा

प्रतिनिधिसभा विघटनको प्रसंग आउनुपूर्व पुनरूत्थानवादी धारले राजासहितको नागरिक सरकार ल्याउन देशव्यापी कार्यक्रम चर्काए । उनीहरूले निर्वाचित सत्तालाई सडकबाटै च्यूत गराउने घोषणा गरेका थिए । अर्थात् मुलुकमा जनतासामु अहिले प्रस्तुत भएको एउटा एजेन्डा राजतन्त्रको पुनर्बहाली र हिन्दुधर्मी एकात्मक राज्यको पुनर्जीवनको हो । अर्को धार कट्टरपन्थी कम्युनिस्टहरूको तत् तत् पार्टीको अधिनायकत्वको नयाँ राज्यसत्ता हो- जुन राज्यसत्ताको ढाँचा र अर्थराजनीतिको प्रारूप उनीहरूले भूमिगत राखिएको दाबी गर्छन् । अहिले दृश्यमा झिनो देखिएको मोहन वैद्य र नेत्रविक्रम चन्दले यो पाटोको प्रतिनिधित्व गर्छन् ।

अर्को धार छ, संविधानमा समस्या छ तर त्यो जनताको हितविपरीत त्यस्तो खतरनाक छैन र राजनीतिक पात्रको परिवर्तनमार्फत सुधार ल्याउन सकिन्छ भन्ने । यो धारको प्रतिनिधित्व विवेकशील साझा देखि जरोकिलोजस्ता सघन जनसमर्थन हासिल गर्न नसकेका दलहरूले गर्छन् ।

संविधानमा समस्या होइन, पात्रमा मात्र समस्या हो, हामीले सत्ता हत्याउन पायौं भने सबै ठिक हुन्छ भन्ने अर्को धार छ । यसको नेतृत्व नेपाली कांग्रेस, जनता समाजवादीदेखि नेकपाकै दाहाल-नेपाल समूहले गर्छ ।

संविधान ठिक छ, सत्तामा रहेका पात्र पनि ठिक छन् । ओलीकै चामत्कारिक नेतृत्वले अबको चुनाव जित्छ र राज्यको बागडोर सम्हाल्छ भन्ने ओली धार सत्तामै छ ।

### विघटनको सन्दर्भमा दुई धार मात्र

प्रतिनिधिसभाको विघटन ठिक या बेठिक भन्ने विषयमा माथि चर्चा गरिएका धारहरूले बहुचरीय धारणा प्रस्तुत गरेको पाइँदैन ।

पुनरूत्थानवादी शक्तिले विघटनको सिफारिस र घोषणालाई उचित मानेको छ । राजतन्त्र पुनःस्थापना गर्न सत्ता पल्टाउँछौं भन्नेहरु अहिले ओलीको मूल बचाउकर्ताका रूपमा उभिएका छन् ।

सरकारको पक्षमा सर्वोच्च अदालतमा बहस गरिरहेका वरिष्ठ अधिवक्ताहरूको पंक्ति नै यसको उदाहरणका लागि पर्याप्त छ ।

यसैगरी कट्टरपन्थी कम्युनिस्ट धारले पनि विघटनलाई मनासिब राजनीतिक कदम मानेको देखिन्छ ।

बाँकी धारले चाहिँ विघटनलाई असंवैधानिक मात्र ठानेका छैनन् । वर्तमान राजनीतिक प्रणालीमाथिकै खतरा ठानेर प्रतिनिधिसभा ब्युँत्याउनैपर्ने जिकिर गरिरहेका छन् ।

यसो हुँदाहुँदै पनि यी दुई धारमा विभक्त राजनीतिक शक्तिभित्रैबाट राज्यको शासकीय स्वरूप र पद्धतिको फेरबदलको आवश्यकता औंल्याउँदै अभिव्यक्ति दिएको पाइन्छ ।

उदाहरणका लागि ओलीका दाहिने हात पूर्वमन्त्री महेश बस्नेतले अब प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको व्यवस्था चाहिएको कुरा उठाउँदै छन्। ओलीले संघीयता पनि खारेज गरून् भन्नेसम्मका आवाज उठेकै छन् ।

यसैले विघटनको सिफारिस र घोषणाबारे सर्वोच्च अदालतको निर्णय पर्खेका नेपालका भावी राजनीतिक मुद्दा र दाउपेच अहिले शीतशयन (हाइबरनेसन) मा छन् ।

### आ-आफ्नै दाउ

पुनरूत्थानवादीहरु प्रतिनिधिसभा ब्युँतनु हुँदैन भन्नेमा छन् । उनीहरूलाई चुनाव भए पनि वा नभए पनि फरक पर्दैन । उनीहरूको चाहना परिस्थिति तरलतम् बनोस् भन्ने हो ।

तरल परिस्थितिसँगै समाजमा असुरक्षा, अपराध र भाँडभैलो बढ्छ । चुनाव हुन नसक्ने परिस्थिति भयो भने अहिले सत्तामा रहेको राजनीतिक शक्ति कमजोर बन्छ ।

राज्यका स्थायी शक्ति (कर्मचारी, सेना प्रहरी) को भूमिका बढ्छ । त्यसलाई आफ्नाप्रति नरममात्रै बनाउन सकियो भने राजनीतिक सौदाबाजी गर्न सकिने उनीहरूको दृष्टिकोण हुन सक्छ । यसैले उनीहरु जसरी भए पनि विघटनको सिफारिस र घोषणालाई वैधानिकता प्रदान गराउन भएभरको बल प्रयोग गरिरहेका छन् ।

यस्तै हिसाबमा कट्टरपन्थी कम्युनिस्टहरु पनि छन् । उनीहरु पनि प्रतिनिधिसभा नरहनु र संसदीय अभ्यास रोकिनुले नयाँ राजनीतिक एजेन्डातिर जनताको ध्यान मोडिन्छ भन्ने ठान्छन् ।

ओलीको नेकपाचाहिँ अदालत र निर्वाचन आयोगले आफ्नो हुँदो गरिदिने र 'उपयुक्त समयमा' चुनावमा गएपछि सबैभन्दा ठूलो दल बनेर प्रतिनिधिसभामा आउने कुरामा विश्वस्त देखिन्छ ।

यसतर्फको पूरा जमात अधिकांश कार्यकर्ता आफैंतिर रहेकाले निर्वाचनमा कुँडुल्याएर जनमत पाउने कुरामा ढुक्क बनेको देखिन्छ । अदालतबाट विघटन सदर

———बाँकी ३ पेजमा

## आजको राशिफल

हाम्रो पात्रोबाट साभार

**मेष** :- आदर्श ब्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । आँटेको र ताकेको कार्य पुरा होला । शुभकार्यको चर्चा चल्नेछ । धर्म कर्ममा मन जानेछ ।

**वृष** :- नयाँ कामको थालनी हुनेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ । जोश जाँगर र हिम्मत बढ्नेछ । बन्धु बान्धवबाट सहयोग मिल्नेछ ।

**मिथुन**:- आज आत्मविश्वास र पराक्रममा वृद्धि हुनेछ । बन्धु बान्धवबाट विशेष सहयोग मिल्नेछ । साँझपख शुभ समाचार पनि आउन सक्छ ।

**कर्कट** :- नयाँ कार्य वा रोजगारको अवसर मिल्नेछ । नयाँ कामको थालनी होला । मान प्रतिष्ठामा बृद्धि होला । आफन्तको प्रगतिमा मन रमाउनेछ ।

**सिंह**:- वैदेशिक कार्य अघी बढ्नेछ । रोकिएका काम पुनः सुरू हुन सक्छन् । जोश,जाँगर र उमङ्ग बढ्नेछ । शुभकार्यको चर्चा समेत चल्नेछ ।

**कन्या** :- अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । नयाँ कार्यको योजना बन्नेछ । प्रेमीको सहयोग पाईनेछ । नजिकको मित्रसँग भेटघाट हुनेछ ।

**तुला** :- आज विपरित वर्गबाट विशेष सहयोग मिल्नेछ । जोश जाँगर र हिम्मत वढ्नेछ । बिनाप्रतिस्पर्धा फाइदा हुने योग छ । ताकेको कार्य पुरा होला ।

**वृश्चिक** :-जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । महत्त्वपूर्ण कार्यमा व्यवधान आइपर्ला । सौन्दर्यतामा धन खर्च हुनेछ । सरकारी निकाएको भय रहला ।

**धनु** :- सामाजिक कार्यमा रूचि बढ्नेछ । अरूलाई प्रभावित पारेर काम बन्नेछ । श्रमको उचित मुल्यांकन हुनेछ । मिष्ठान्न भोजनको अवसर मिल्नेछ ।

**मकर**:- आज अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । गरेका कामबाट राम्रै लाभ हुनेछ । धर्म,कर्ममा मन लाग्नेछ । प्रेम सम्बन्ध कसिलो हुनेछ ।

**कुम्भ**:- लाभ, हानी, आय, व्यय, सुख, दुख वरावरी खालको समय छ । सद्विचारले अभिप्रेरित हुनेहरूलाई बिस्तारै लाभ मिल्नेछ । ज्ञानमा वृद्धि हुनेछ ।

**मिन** :- अनावश्यक ठाउँमा धन खर्च हुनेछ । नजिकका व्यक्तिबाट कार्यमा वाधा आइपर्ला । लगानी गर्नु उपलब्धीमूलक हुँदैन । प्रेममा बाधा आउला ।

## चुरे...

मगर, तामाङ् र दलित समुदायको बसोबास छ ।

'चुरे फेदमा रहेको यो बस्ती कसले जोगाइदिने हो ?' स्थानीय पदमबहादुर सुनुवारले भने,'स्थानीय सरकार आएपछि हाम्रो पीडामा मलम लगाइदिन्छ भनेको त उल्टो पो भयो ।' उनका अनुसार स्थानीय सरकार आएपछि दोहन झनै तिब्र पार्यो जसले गर्दा आँगनको खोलो घरै पस्यो । स्थानीय निकायले पनि चुरे क्षेत्रको दोहनमा ध्यान नदिएको पिडितहरूको भनाइ छ ।

डेढ र दुई सय फिट पाइप गाड्दा कलबाट पानी आउने ठाउँमा अहिले पानी तान्न चार सय फिट पाइप गाड्नु पर्ने अवस्था आएको छ । बोरिङ, चापाकल, इनारबाट पानी निकाल्न कठिन भएको छ । चुरे नासिँदा पानीका श्रोत सुकेका हुन् ।

**संरक्षणको माग**

जिल्ला जिल्लामा नांगो चुरेलाई संरक्षण गर्नुपर्ने माग उठिरहेको छ । विभिन्न कार्यक्रममा चुरे क्षेत्र संरक्षणमा ध्यान दिनुपर्ने सरोकारवालाले सुझाव दिएका छन् । नेपालको कुल क्षेत्रफलमध्ये १२ दशमलव ७८ प्रतिशत चुरे पहाड पर्छ । 'चुरे गेग्ग्रानले बनेको कमलो कान्छो पहाड हो । चुरेको अवैज्ञानिक दोहन बढ्दै गए मधेस मरूभूमिमा परिणत हुन सक्छ', चुरे-तराई अन्तरसम्बन्धका जानकार डा. विजयकुमार सिंह भन्छन् । विनासको रोकथाम गर्न सरकारले राष्ट्रपति चुरे-तराई मधेस संरक्षण विकास समिति गठन गरेर काम अघि बढाए पनि प्रभावकारी हुन सकेको छैन । संघीय सरकार, प्रदेश र स्थानीय तहले चुरे संरक्षणका लागि अल्पकालीन र दीघकालीन योजना बनाएर कार्यान्वयन सुरू गरेको बताउँदै आएपनि परिणाम देखिएको छैन । 'चुरेको माटो चुरेलाई सफा पानी सबैलाई' भन्ने मूल नारासहित चुरे तराई मधेस संरक्षण तथा व्यवस्थापन गुरू योजना निर्माण गरेर कार्यान्वयनमा ल्याएको छ ।

मधेस मरूभूमीकरण हुन सक्ने भन्दै चुरे दोहन नियन्त्रण गर्न स्थानीयले सरकारको ध्यानाकर्षण गर्दै आएका छन् । चुरे दोहनले तराई मरभूमि हुने जोखिममा रहेको विज्ञहरू बताउँछन् । स्थानीयले 'चुरे तराई मधेस जोगाऊ, तराई मधेस मरूभूमि हुनबाट बचाऊ' भन्ने मूल नाराका साथ विभिन्न अभियान सञ्चालन गर्दै आएका छन् ।

## औरहीमा...

छ । प्राथमिक स्वास्थ्य केन्द्रका विकास व्यवस्थापन अध्यक्ष तथा औरही गाउँपालिका वडा नम्बर ५ का वडाध्यक्ष दिलिप कुमार यादवले कार्यक्रमको अध्यक्षता गर्दै नेपाल सरकारको अनुसार यो अस्पताल पहिले नै संचालन गर्नुपर्ने भएपनि भवनको अभावको कारणले सञ्चालनमा ढिलाई भएको बताए । वर्थिङ्ग सेन्टरलाई प्राथमिक स्वास्थ्य केन्द्रको नयाँ भवनमा सारेर पुरानो वर्थिङ्ग सेन्टरलाई नै कोविड-१९ अस्थायी अस्पताल संचालन गरेको वडाध्यक्ष यादवले जानकारी दिए ।

गाउँपालिकाको स्वास्थ्य शाखा संयोजक उपेन्द्र कुमार यादवका अनुसार गाउँपालिकामा जम्मा २७ हजार जनसंख्यालाई लक्षित गरी यो अस्पताल संचालन गरिएको हो । उनले भने 'सकेसम्म हाम्रो चाहना छ, यो अस्पतालमा कुनै पनि कोविड पोजेटिभ विरामी आउन परोस । कथा कदाचित आइहाले भने बिरामीको खानपिनको सम्पुर्ण खर्च बेहोर्ने छ ।'

उनका अनुसार चाँडै नै कोरोनाको भ्याक्सिन नेपाल सरकारले खरिद गरी सम्पुर्ण नेपालीलाई उपलब्ध गराउँनेछ । पहिलो चरणमा स्वास्थ्यकर्मी, दोस्रोमा सुरक्षाकर्मी, तेस्रोमा जनप्रतिनिधि, ज्येष्ठ नागरिक रहेको छ । हामीले पहिलो चरणमा एक सय ९२ जनाको नामावली पठाएको संयोजक यादवले बताए ।

प्राथमिक स्वास्थ्य केन्द्रका प्रमुख डा. नवीन कुमार महतोले आफ्नो मन्तव्य राख्दै पोजेटिभ बिरामीहरूलाइ उपचार गरेर मात्र संभव नहुने बताए । डा. महतोले उनीहरूलाई मनोबैज्ञानिक परामर्शको पनि खाँचो भएको औल्याउँदै निको भएर गाउँमा गईसकेपछि समुदायका व्यवहारले केहि समस्या सिर्जना हुनेगरेको बताए ।

## कस्तो...

हुनासाथ उता पुगेका पनि यतै फर्किन्छन् भन्ने उसको बुझाइ छ ।

नेपाली कांग्रेस विभाजित नेकपासँग प्रतिस्पर्धा गर्दा आफू सबैभन्दा ठूलो पार्टी बन्ने र सत्ता आफ्ना हातमा आउँछ भन्ने ठान्छ । त्यसकारण विघटनलाई असंवैधानिक भन्दाभन्दै पनि ऊ आन्दोलनलाई निर्वाचन केन्द्रित बनाउन खोज्दै छ ।

उता अदालतले विघटन असंवैधानिक भनिदिएमा पनि नेकपाको विभाजनसँगै कांग्रेसको हैसियत संसदमा सबल हुन्छ । यसैले बाहिर विघटनको विरोध गरे पनि भित्रभित्रै आफूलाई जे भए पनि दुवै हातमा लड्डु देख्छ, कांग्रेस ।

जनता समाजवादीको पनि मनोविज्ञान त्यस्तै त्यस्तै हो । प्रतिनिधिसभा ब्युँतिएमा सत्ता साझेदारीको भूमिका पाइने र चुनाव भएमा अहिलेभन्दा बढी स्थानमा जितिने जोखना यसको नेतृत्वले देखेको हुनुपर्छ ।

नेकपाको दाहाल-नेपाल पक्षलाई चाहिँ चुनाव होइन प्रतिनिधिसभा नै चाहिएको छ । प्रतिनिधिसभा नब्युँतिएमा चुनावमा जानु उसका लागि बाध्यता हो । त्यसैले उसले आफूलाई वैधानिक र असली नेकपा भएको सिद्ध गराउन निर्वाचन आयोगबाट दल र चुनाव चिह्न आफ्नो गराउन भएभरको बल लगाइरहेको छ ।

विधिको शासन, राजनीतिक स्थिरताका पक्षपाती नागरिकको ठूलो पंक्ति र वर्तमान पद्धतिमा विश्वास गर्ने तर जनमत पाउन नसकेका राजनीतिक दलका रूपमा उभिएकाहरु संसद् नब्युँतिएमा अराजकता र अस्थिरतावादीहरूको मनोबल बढ्ने र त्यसले ध्वंसात्मक अवस्था सिर्जना हुने, चुनावी सन्दर्भमा नेकपाकै दुई खेमाबीच हिंस्रक र त्रासद भिडन्त हुन सक्ने अनुमान गर्छन् ।

**दाउपेचको यात्रा**

प्रतिनिधिसभा ब्युँतिएर अरु दुई वर्षका नयाँ सरकार गठन हुने वा विघटन सदर भएर निर्वाचनमा जाने दुवै कुरा सम्भावनाको तराजुमा बराबर छन् । कतापट्टिको ढक खँदिलो रह्यो अदालतले बोल्ला नै ।

निर्वाचन नै हुने भयो भने पनि माथि चर्चा गरिएका भिन्दाभिन्दै चाख समूहका संविधानसँग नमिल्दा चाख कार्यान्वयन हुने देखिन्न ।

उदाहरणका लागि राजतन्त्रको पुनःस्थापनाको पक्षपातीले केही स्थानमा निर्वाचित हुने, आफ्नो एजेन्डालाई औपचारिक ठाउँबाट उठाउने र सत्ता साझेदारीका लागि चलखेल (हिजो कमल थापाले जस्तै) गर्नेसम्मको ठाउँ पाउँछ ।

विभाजित नेकपाको समग्र उपस्थितिको संख्यात्मक गिरावट आउँछ र नेपाली कांग्रेस, जनता समाजवादी र विवेकशील साझाहरूको स्थान बढ्ला । अन्ततः प्रतिनिधिसभामा कसैको बहुमत नरहने स्थिति बन्न सक्नेछ । प्रतिनिधिसभा ब्युँतिएको अवस्थामा पनि एकाएक बहुमतीय हुने छैन ।

दुवै अवस्थामा रूपान्तरणका लागि राजनीतिक प्रणालीगत नयाँ कार्यसूची कार्यान्वयनको सम्भावना शून्य रहन्छ । अर्थात् दाउपेच राजनीतिको यात्रा गतिमय होइन स्थितिमय शैलीमै घुमिरहनेछ ।

**जनताको सर्वोच्चता**

आधुनिक राज्यप्रणालीमा जनताको सर्वोच्चताको विकल्प छैन, त्यसबाहेक अरु व्यवस्था ग्राह्य हुँदैन र टिक्न पनि सक्दैन । नागरिक कुनै अमुक समूहको दाउपेची नेतृत्वको खेलौना रहुन्जेल लोकतन्त्र खासमा लोकतन्त्र पनि हुँदैन । जनताको यसै साझा शक्तिलाई

बाँकी ४ पेजमा

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| वारुण यन्त्र, लहान | ०३३-५६३११९ |
| ईलाका प्रहरी कार्यालय, लहान | ०३३-५६०१५५ |
| ईलाका प्रशासन कार्यालय, लहान | ०३३-५६०२६६ |
| जि.ट्राफिक कार्यालय, लहान | ०३३-५६०७३७ |
| लहान नगरपालिकाको कार्यालय | ०३३-५६३१३८ |
| नेपाल विद्युत प्राधिकरण, लहान | ०३३-५६०२४६ |
| सव स्टेशन, लहान | ०३३-५६०४०० |
| नेपाल टेलिकम, लहान | ०३३-५६०४४४ |
| प्राविधिक शिक्षालय, लहान | ०३३-५६००१६ |
| अञ्चल यातायात कार्यालय, लहान | ०३३-५६०२१७ |
| रा.उ.स्मारक अस्पताल, लहान | ०३३-५६००१९ |
| आ. राजस्व कार्यालय, लहान | ०३३-५६००८८ |
| कृषि विकास बैंक, लहान | ०३३-५६०१४७ |
| कृषि सामाग्री संस्थान, लहान | ०३३-५६०१४८ |
| घरेलु तथा साना उद्योग, लहान | ०३३-५६०१२८ |
| जिल्ला उद्योग वाणिज्य संघ, सिरहा | ०३३-५६३२०५ |
| दु.शा.अतिथि सदन, लहान | ०३३-५६०१६९ |
| आँखा अस्पताल, लहान | ०३३-५६००८० |
| जे.एस.मु.ब.क्याम्पस, लहान | ०३३-५६०२५२ |
| रक्त संचार केन्द्र, लहान | ०३३-५६०९७५ |
| मारवाडी सेवा सदन, लहान | ०३३-५६१४११ |
| जि.प्रशासन कार्यालय, सिरहा | ०३३-५२०१२३ |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | ०३३-५२०११२ |
| नगर प्रहरी, सिरहा | ०३३-५२०२६७ |
| प्रहरी चौकी, माडर (सिरहा) | ०३३-५२०४०० |
| को.ले.नि.का. सिरहा | ०३३-५२०१३० |
| कृषि विकास बैंक, सिरहा | ०३३-५२०४७० |
| जिल्ला समन्वय विकास कार्यालय, सिरहा | ०३३-५२००३७ |
| सिरहा जिल्ला अदालत, सिरहा | ०३३-५२००५६ |
| जिल्ला अस्पताल, सिरहा | ०३३-५२००६४ |
| जनस्वास्थ्य कार्यालय, सिरहा | ०३३-५२००८१ |
| जिल्ला शिक्षा समन्वय इकाई शाखा, सिरहा | ०३३-५२०००४ |
| नेपाल टेलिकम, सिरहा | ०३३-५२००३३ |
| नेपाल विद्युत प्राधिकरण, सिरहा | ०३३-५२०१६१ |
| राष्ट्रिय बाणिज्य बैंक, सिरहा | ०३३-५२०००२ |
| रेडक्रस सोसाइटी, सिरहा | ०३३-५२००९५ |
| ईलाका प्रहरी कार्यालय, मिर्चैया | ०३३-५५०१०० |
| कृषि विकास बैंक, मिर्चैया | ०३३-५५०००५ |
| सिता नोबेल न्यूज सेन्टर | ०३३-५६००२७ |
| सविना बुक्स एण्ड सप्लायर्स लहान-७ | ०३३-५६०५११ |
| स्वस्तिका इलेक्ट्रिक एण्ड जेनरल अर्डर सप्लायर्स लहान-१० | ९८४२८९०९६५ |


# नगरवासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

**१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत-लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं । ४. शीत-लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।**

| | |
|---|---|
| लहान नगरपालिका कार्यालय, सिरहा | कर्जन्हा नगरपालिका कार्यालय, सिरहा |
| मिर्चैया नगरपालिका कार्यालय, सिरहा | सुखिपुर नगरपालिका कार्यालय, सिरहा |
| कल्याणपुर नगरपालिका कार्यालय, सिरहा | धनगढीमाई नगरपालिका कार्यालय, सिरहा |
| गोलबजार नगरपालिका कार्यालय, सिरहा | सिरहा नगरपालिका कार्यालय, सिरहा |

WaterAid

## Call for Expression of Interest (EOI) for local vendors to supply their service in Water Aid Nepal (WAN), Lahan

**Date: 20 January, 2021**

WaterAid is an international not-for-profit organization, established in 1981, determined to make clean water, decent toilets and good hygiene normal for everyone, everywhere within a generation. We change millions of lives every year, working in 28 countries to provide clean water, decent toilets and good hygiene.

WaterAid has been working in Nepal since 1987. Our work in Nepal spans across 9 districts. We team up with local partners, technical experts, governments and communities to support the delivery of integrated WASH services in hard to reach communities, helping to transform lives.

WaterAid Nepal is implementing the project "Beacon municipality- wide equitable water sanitation and hygiene services in Lahan" for 3-5 years. This project is the joint initiative of Anglian Water and their alliance partners, Nepal Water Supply Corporation (NWSC) and Lahan Municipality.

WaterAid Nepal (WAN) invites **"Expression of Interest" (EOI)**,for the roaster we are developing to collect the experienced and Potential vendors/suppliers from the local market of Lahan, Dharan, Biratnagar, Janakpur and Birgung to provide their service in the following areas to our WAN office in Lahan:

| | | | |
|---|---|---|---|
| 1 | **Stationery** | 2 | **Groceries items**<br>For eg. Kitchen items, Cleaning items, Toiletory items etc. |
| 3 | **Furniture and Furnishing** | 4 | **Hotel, Foods and hall rental Services** |
| 5 | **Supply of IT equipments**<br>For e.g Computer, Printers and other IT related accessories | 6 | **Cargo & Courier Services** |
| 7 | **Repair and maintainance of office equipments**<br>For e.g printer, generator, water pump etc | 8 | **Media agencies**<br>For eg. Video and photography, Radio/TV broadcasting, paper and online advertisement etc. |
| 9 | **Vehicle/motorcycle sales, spare parts and repair & maintenance** | 10 | **Repair and maintenance of office building**<br>For e.g electrical work, plumbing etc. |
| 11 | **Printing and publications** | 12 | **Supply of Drinking Water Jar** |
| 13 | **Supply of Bleaching powder** | 14 | **JCB repair and maintenance** |

Interested and capable vendor/suppliers having experience in providing the services as listed above are invited to submit their application in a sealed envelope clearly marked as **"EXPRESSION OF INTEREST for the service they are interested to provide"** to the following address attached with their company documents as follows:

- Company Registration
- VAT/PAN Certificate
- Tax clearance certificate for the latest fiscal year.

Please submit your application no later than, **9 February 2021** either in hard copy dropped in WAN office Lahan or thorugh email in the following address.

- Water aid Nepal, Beacon office Lahan,-10 Gudigauin, Siraha Nepal.
  or
- nepal-procurement@wateraid.org

*Note: WaterAid Nepal reserves the right to accept or reject applications without assigning any reasons. Telephone calls will not be entertained.*


## कस्तो...

आत्मनिर्णयको अधिकार भनिन्छ जुन सार्वभौमिकताको जग हो । यसैले आमनागरिकले अहिंसात्मक र वैधानिक विधिबाटै राज्य संयन्त्रका स्वरुप र शासकीय पद्धतिको निर्धारण निर्वाचन विधिबाटै गर्नुपर्छ ।

यसका लागि जनतालाई नै सामूहिक रूपमा निर्णायक नबनाउने र जनतालाई दलीय वा वैचारिक आधारबाट विखण्डित गरी आफूलाई जनताको शक्ति प्रयोग गर्ने बिचौलियाका रुपमा क्रियाशील राख्ने दलहरुको वर्तमान शैली बदलिनु जरूरी छ ।

संविधान र वर्तमान राज्यप्रणालीप्रति जनतामा एकाएक वितृष्णा बढेको होइन । दलहरु जनताप्रति इमानदार नभई बिचौलियाको काम गर्नु यसको मूल कारण हो ।

यसैले अब राजनीतिक दल र नेताहरू सच्चिनैपर्छ र वर्तमान राज्य प्रणालीमा आवश्यक सुधार गर्न तत्पर रहनुपर्छ । यो राष्ट्रिय महत्वको विषयमा संविधानको धारा २७५ बमोजिम जनमत संग्रह एउटा विकल्प हुन सक्छ ।

**अन्त्यमा,**

अहिले न्यायपालिकाले खिलराज प्रवृत्ति दोहोर्‍याउन सक्ने जस्ता विभिन्न अड्कलबाजी पनि बजारमा छन्। तर, अहिले न त सेनाले सत्तातर्फ आँखा लगाउने अवस्था छ न त राजा नै शक्तिमा फर्किइहाल्ने अवस्था । त्यसैगरी पुन:स्थापना वा निर्वाचनका विषयमा विदेशी चासो पनि सीमित हुँदा यस्ता अड्कलबाजी साकार हुने देखिँदैन। अब हुने भनेको कि प्रतिनिधिसभाको पुन:स्थापना वा निर्वाचन नै हो । दाउपेचको राजनीति अद्यापि लिगबाट पूरै बाहिर गएको छैन । यसैले अहिले विद्यमान राज्यका संयन्त्रमार्फत नै सच्याउने, बदल्ने र बलियो बनाउने हो- लोकतान्त्रिक प्रणालीलाई ।

सत्तास्वार्थका लागि लुछाचुँडी र दाउपेच गरिरहेका स्वार्थसमूह (राजनीतिक दल र दलका गुटउपगुट पनि यसैमा पर्छन्, यस्तो बृहत् र जनपक्षीय सोचसाथ अघि बढ्न सक्ला ? वर्तमान राजनीतिको मूल समस्या यसैमा गुजुमुजिँदो छ ।*साभार : नेपाल समयबाट*


**भौतिक दुरी कायम गरी कोरोना भाइरसको संक्रमणबाट आफू पनि बचौं र**

**–: जनहितका लागि :–**

हरेक खबर, विशेष खबर · जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७ · राष्ट्रिय दैनिक

लहानपोस्ट् LAHANPOST DAILY



# पकड़ियागढ बचत तथा ऋण सहकारी संस्था लि.

लहान न.पा.–१८, अमही (सिरहा)

## कर्मचारी आवश्यकता

**यस पकडियागढ बचत तथा ऋण सहकारी संस्था लि. लहान–१८, अमही (सिरहा) को लागि निम्न अनुसार कर्मचारी आवश्यक परेको हुँदा योग्य र इच्छुक व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्र, बायोडाटा र १ प्रति फोटो सहित ७ दिन भित्र आवेदन आव्हान गरिन्छ ।**

| क्र.सं. | पद | संख्या | शैक्षिक योग्यता | तलब/भत्ता |
|---|---|---|---|---|
| १. | बजार प्रतिनिधि | ५ | + २ पास/सो सरह | संस्थाको नियम अनुसार सेवा सुविधा प्रदान गरिने छ। |

**सम्पर्क :– ९८५२८३१९११, ९८०३८४९८५८, ९८४२८२४६५६**



# गाउँपालिकावासीका लागि जनहितमा जारी सार्वजनिक सन्देश !

***शीत–लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुन सक्छ त्यसैले :***

**१. न्यानो कपडाको जोहो समयमैं गरौं । २. शीत–लहरको समयमा घरबाहिर खुला स्थानमा धेरै समय नबिताऔँ, घरबाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔँ । ३. रातको समयमा सिरक, कम्बलजस्ता न्यानो कपडा ओढ्ने गरौं । घरभित्र राति सुत्दा शरीरका साथै अनिवार्यरुपमा छाति तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔँ । ४. शीत–लहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने गरौं । ५. चिसोको समयमा शरीरलाई चाहिने आवश्यक तातो झोलयुक्त खाने कुराहरु खाने बानीको विकास गरौं । ६. बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउँदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔँ । ७. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं । ८. शीत–लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔँ । गोठ/टहरामैं राखेर पर्याप्त घाँस, पराल र दाना दिने व्यवस्था मिलाऔं । ९. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔँ । १०. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।**

**बरियारपट्टी गाउँपालिका कार्यालय, सिरहा**

**नवराजपुर गाउँपालिका कार्यालय, सिरहा**

**लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा**

**सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा**

**अर्नमा गाउँपालिका कार्यालय, सिरहा**

**भगवानपुर गाउँपालिका कार्यालय, सिरहा**

**औरही गाउँपालिका कार्यालय, सिरहा**

**विष्णुपुर गाउँपालिका कार्यालय, सिरहा**

**नरहा गाउँपालिका कार्यालय, सिरहा**







लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले–आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका–१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)